जि.प्र.का.का.द.नं. ६/०४८/०४९
स.क.प.आ.नं. ११४४९, पान नं. ३००९३१९७६

# अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

२०८१ मङ्सिर ३ गते

## शोक वक्तव्य

नेपालको मानव अधिकार र लोकतन्त्रका अग्रज पूर्वसभामुख दमननाथ ढुङ्गानाको ८३ वर्षको उमेरमा मङ्सिर २ गते निधन भएकोमा इन्सेक परिवार उहाँको आत्माको चिरशान्तिको कामना गर्दै परिवाजनमा समवेदना व्यक्त गर्दछ ।

नेपालको संसदीय इतिहासमा उहाँले देखाउनु भएको मार्गदर्शन, मानव अधिकार प्राप्तीको उन्नत सोच, शान्ति प्रकृयाको सुत्रधारका रूपमा नेपाली इतिहासमा उहाँको नाम अजर रहनेछ । 'जनताको हक हित संरक्षण गर्ने मुख्य दायित्व संसद्को हुने भए पनि हाल नेपालको संसद जनताको अधिकार संरक्षणमा खरो उत्रन नसकेकोमा' उहाँ चिन्तित हुनुहुन्थ्यो । दश वर्ष लामो सशस्त्र द्वन्द्वको शान्तिपूर्ण अवतरणका लागि उहाँले निर्वाह गर्नुभएको भूमिका, लोकतन्त्र, मानव अधिकार र विधिको शासन स्थापनाका लागि गर्नुभएको योगदानका कारण उहाँ सधैँ स्मरणमा रहनुहुनेछ । हार्दिक श्रद्धाञ्जली ।

डा. कुन्दन अर्याल
अध्यक्ष

दण्डहीनताको विरोध गरौं, मानव गरिमाको रक्षा गरौं !

*मानव अधिकार र सामाजिक न्यायका निम्ति*
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
नागार्जुन नपा-१० (नीलो घर), स्यूचाटार, काठमाडौं,
पोष्ट बक्स नं.: २७२६, काठमाडौं, नेपाल,
फोन: ५२१८७७०, फ्याक्स: ५२१८२५१,
Email: insec@insec.org.np
Web-site: www.insec.org.np, www.inseconline.org